ऐन संख्या : २

गाउँ सभाबाट स्वीकृत मितिः २०७५/०५/२४

# कचनकवल गाउँपालिकाको विनियोजन ऐन, २०७५

## कचनकवल गाउँपालिका
## बनियानी, झापा
## १ नं. प्रदेश, नेपाल

# <u>कचनकवल गाउँपालिकाको विनियोजन ऐन, २०७५</u>

<u>गाउँ सभाबाट स्वीकृत मिति: २०७५/०५/२४</u>

**कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**<u>प्रस्तावना:</u>** कचनकवल गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कचनकवल गाउँपालिकाको द्रोश्रो गाउँसभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम " कचनकवल गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५१४०७८९५५ ( अक्षेरुपी एकाउन्न करोड चालिस लाख अठहत्तर हजार नौ सय पचपन्न रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजन</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कचनकवल गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) आय अनुमान, चालु तथा पूँजिगत व्यय अनुमान, तथा गाउँ सभाबाट पारित निर्णयहरु अन्य अनुसूचीहरुमा समावेस गरिए बमोजिम हुनेछ ।

## अनूसूचि १

## संविधानको धारा २२९(२) वमोजिम संचित कोषबाट विनियोजन हूने रकम

रकम रु.हजारमा

| सि.नं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | २८५४७२ | २२८६०६ | | ५१४०७८ |
| १ | | गाउँ कार्यपालिका | ५८३५६ | १८१६५३ | अन्तर सरकारी वित्तीय हस्तान्तरण/आन्तरिक श्रोत | २४०००९ |
| २ | | वडा समिती | ३१५० | ३५००० | | ३८१५० |
| ३ | | विषयगत शाखा | ० | ० | | ० |
| ४ | | शिक्षा | १५०० | ० | | १५०० |
| ५ | | स्वास्थ्य | २००० | ० | | २००० |
| ६ | | कृषि | २००० | ० | | २००० |
| ७ | | पशु सेवा | ७०० | ० | | ७०० |
| ८ | | महिला तथा बालबालिका | ५०० | ० | | ५०० |
| ९ | | सुचना प्रविधी | ३५०० | ० | | ३५०० |
| १० | | सशर्त अनुदान | १५१३४७ | १७५३ | | १५३१०० |
| ११ | | सशर्त अनुदान प्रदेश सरकार | ० | १०००० | | १०००० |
| १२ | | सामाजिक सुरक्षा | ६२०६९ | 0 | | ६२०६९ |
| १३ | | कर्मचारी कल्याण कोष | ३५० | 0 | | ३५० |
| | | प्रदेश सरकार पुँजिगत दायित्व | | २०० | | २०० |
| १४ | | लगानी/शेयर-ऋण | 0 | 0 | | 0 |